प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
भद्रपुर, झापा
कोशी प्रदेश, नेपाल

☎: ०२३-४५२०५६, ४५२५४६
वेभसाईटः jhapa.akc.gov.np
Email: akcjhapa@gmail.com

सूचना नं.: ०१/२०८०/८१

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०६/०४

कृषि ज्ञान केन्द्र झापाको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८", वमोजिमका शर्तहरु पालना गरि तपसिलका कार्यक्रम कार्यान्वयनका लागि झापा जिल्ला अन्तर्गतका ईच्छुक कृषक/ कृषक समुह/कृषि सहकारी संस्था/कृषि उद्यमी/कृषि फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (२०८०/०७/०३ गते सम्म) तोकिएको ढाँचामा कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन । थप जानकारीका लागि यस कार्यालयको फोन नं ०२३-४५२०५६/०२३-४५२५४६ मा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन वा यस कार्यालयको वेभसाईट **jhapa.akc.gov.np** वाट कार्यक्रम कार्यान्वयन सम्बन्धी ऐन, नियमावली, मापदण्ड, निवेदन र अन्य आवश्यक फारमहरु डाउनलोड गरि थप जानकारी लिन सक्नु हुनेछ ।

### तपसिल

| क्र.स. | कार्यक्रमको नाम | लक्ष्य परिमाण | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदार तथा ध्यान दिनुपर्ने कुराहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | जैविक विषादी उत्पादन प्रवर्द्धन कार्यक्रम | २ | लागतको अधिकतम ७५% वा बढिमा ७५ हजार | • कृषक समुह/कृषि सहकारी/निजि उद्यमी। | |
| २ | जुट खेति प्रवर्द्धन कार्यक्रम | १० | लागतको अधिकतम ७५% वा बढिमा ५० हजार | • कृषक/कृषक समुह/कृषि सहकारी/निजि उद्यमी।<br>• न्युनतम प्रति कृषक ५ कठ्ठा जमिनमा जुट खेती गर्नुपर्नेछ । | |
| ३ | मागमा आधारित कार्यक्रम | १५ | लागतको अधिकतम ७५% वा बढिमा १ लाख | • कृषक/कृषक समुह/कृषि सहकारी/निजि उद्यमी।<br>• कार्यक्रम माग गर्दा आवश्यक पूर्वाधार, नबिन प्रविधिमा आधारित उत्पादन सामाग्री, उत्पादित बस्तुको मुल्य अधिबृद्धि हुने र बजारीकरणमा सहयोग हुने विषय/समाग्रीहरु समेटिएको हुनुपर्ने छ । | |
| ४ | यूवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | ४० | लागतको अधिकतम ७५% वा बढिमा १ लाख | • १८ वर्ष देखि ५० वर्ष सम्मका विदेशबाट फर्केका वा विदेश जान लागेका स्थानिय बेरोजगार यूवाहरु। | |

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
# कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
भद्रपुर, झापा
कोशी प्रदेश, नेपाल

☎: ०२३-४५२०५६, ४५२५४६
वेभसाईट: jhapa.akc.gov.np
Email: akcjhapa@gmail.com

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | •तरकारी उत्पादनका लागि कम्तिमा १० कठ्ठा, मौरीपालनका लागि कम्तिमा २० वटा घार र च्याउ उत्पादनका लागि १४*२२ वर्ग फिटका २ वटा टहरामा खेती हुनुपर्ने । | |
| ५ | व्यवसायिक केरा खेतिका लागि ढुवानी साधन खरिदमा सहयोग | १ | लागतको अधिकतम ७५% वा बढिमा १५ लाख | •कृषक समुह/कृषि सहकारी/निजि उद्यमी। • साना तिन पाङ्ग्रे साधन खरिदका लागि कम्तिमा मासिक २००० केजी र चार पाङ्ग्रे साधनका लागि मासिक ८००० केजी सम्म केराको करोबार गरेको हुनुपर्ने | |
| ६ | गडयौली मल उत्पादन तथा प्राङ्गारीक मल सुधार कार्यक्रम | १० | लागतको अधिकतम ७५% वा बढिमा ५० हजार | •कृषक समुह/कृषि सहकारी/निजि उधमी। • गडयौली मल,भकारो सुधार तथा अन्य जैविक मल उत्पादनका लागि कम्तिमा २० जना कृषकहरु १ वटै क्लष्टरमा पर्ने गरी कार्यक्रम संचालन गरिनु पर्ने छ । | |
| ७ | सूपारी प्रशोधन उद्योग पुवाधार तथा यन्त्र उपकरण सहयोग | २ | लागतको अधिकतम ७५% वा बढिमा २० लाख | •कृषक समुह/कृषि सहकारी/निजि उद्यमी । | |
| ८ | बीउ प्रशोधन पूर्वाधार/बीउ भण्डारण गृह निर्माण | १ | लागतको अधिकतम ७५% वा बढिमा ३० लाख | •कृषक समुह/कृषि सहकारी/निजि उद्यमी। • गुणस्तरिय बीउको वार्षिक उत्पादन परिमाण कम्तिमा २०० मे.ट हुनुपर्ने छ । •उत्पादित बीउको स्तर प्रमाणित/ लेवल लगाएको हुनुपर्ने छ । | |

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

१. रु.१० को हुलाक टिकट टाँस गरि तोकिएको ढाँचा बमोजिमको आवेदन/प्रस्तावना ।

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
भद्रपुर, झापा
कोशी प्रदेश, नेपाल

☎: ०२३-४५२०५६, ४५२५४६
वेभसाईटः jhapa.akc.gov.np
Email: akcjhapa@gmail.com

२. संस्थागत (समूह, सहकारी, फर्म, समिति आदिले प्रति आवेदन रु २००/- र व्यक्तिगत कृषकको हकमा प्रति आवेदन रु १००/- राष्ट्रिय बाणिज्य बैकको खाता नं. १०००१००२०१०१०००१, राजस्व शिर्षक नं १४२२९, कार्यालय कोड ३१२०११२०११ मा आबेदन दस्तुर वापत जम्मा गरि सोको सकल भैचर पेश गर्नु पर्नेछ ।

३. सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी /निजी उद्यमी/ कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

४. समूह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र गत आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

५. कृषि सहकारी/ निजी उद्यमी/ कम्पनीको हकमा गत आ.व. २०७९/८० को लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी।

६. सम्बन्धित स्थानीय तहको कृषि विकास शाखाको सिफारिस ।

७. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गा धनीपुर्जा र जग्गाधनीको नागरिकता वा भाडाको जग्गामा खेती भएमा कम्तीमा ५ वर्ष र स्थायी संरचनाको लागि कम्तीमा १० वर्षको सम्झौतानामा ।

८. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

९. संस्थाको हकमा कार्यक्रम माग गर्ने सम्बन्धि निर्णयको प्रतिलिपि साथै निवेदन पेश गर्ने व्यक्तिको अख्तियारीको निर्णय ।

१०. आवेदकले दोहोरो पर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र।

११. प्राबिधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणपत्रको प्रतिलिपी ।

१२. कार्यक्रम अनुसारका "कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८" बमोजिम माग गरिएका आवश्यक कागजातहरु पुर्णता नभएमा प्रस्ताव स्वत रद्द हुनेछ ।

नोटः माथि उल्लेखित कार्यक्रमहरुमा प्रस्तावना पेश गर्नका लागि आवश्यक पर्ने प्रस्तावनाको ढांचा र सम्बन्धित कार्यक्रम संचालन सम्बन्धि मापदण्ड कृषि ज्ञान केन्द्र, झापा र स्थानीय तहको कृषि विकास शाखाबाट प्राप्त गर्न सक्नुहुनेछ । आवेदकहरुले बिगत ३ आर्थिक बर्षमा बिभिन्न सरकारी निकाय/कार्यालयहरु र अन्य आयोजनाबाट रु पाँच लाख वा सो भन्दा बढि अनुदान प्राप्त गरेको देखिएमा उक्त आवेदकहरुको प्रस्तावना र आवेदन दर्ता नहुने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

८०/६/४

सागर विष्ट
निमित्त प्रमुख